# वार्षिक प्रतिवेदन

# (आर्थिक वर्ष २०८२/८३)

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय


## राष्ट्रिय तथ्याङ्क कार्यालय

## तथ्याङ्क समन्वय कार्यालय, मकवानपुर

(चितवन, मकवानपुर र सिन्धुली)

प्रकाशकः **तथ्याङ्क समन्वय कार्यालय, मकवानपुर**
फोन : ०५७-५२३६८२
वेभ साइटः scomakwanpur.nsonepal.gov.np
इमेलः scomakwanpur@nsonepal.gov.np
प्रकाशन वर्षः २०८३
मुद्रण

# तथ्याङ्क समन्वय कार्यालय, मकवानपुर
# कार्यक्षेत्रका जिल्लाहरु




चित्रः तथ्याङ्क समन्वय कार्यालय,अन्तर्गतका जिल्लाहरु,

जिल्ला सिमाना ,स्थानिय तह सिमाना

विषयसूची

खण्ड १.परिचय........................................................................... १

१.१ पृष्ठभूमि........................................................................... १

१.२ प्रतिवेदनको उद्देश्य........................................................................... १

१.३ प्रतिवेदन तयारीका स्रोत र विधि ........................................................................... २

खण्ड २. कार्यसम्पादनका आधारहरु........................................................................... २

२.१ आधारहरु........................................................................... २

२.१.१ संवैधानिक आधार........................................................................... २

२.१.२ तथ्याङ्क ऐन,२०७९ ...........................................................................३

२.१.३ तथ्याङ्क नियमावली,२०८०...........................................................................४

२.१.४ तथ्याङ्क नियमावली,२०८० तथा तथ्याङ्क (पहिलो संशोधन) नियमावली,२०८३.......... ४

२.१.५ संगठनात्मक मान्यता ........................................................................... ५

२.१.६ अन्य आधारहरु ........................................................................... ५

खण्ड ३. कार्यालयको परिचय,संगठन संरचना ........................................................................... ६

३.१ कार्यालयको परिचय........................................................................... ६

३.२ काम, कर्तव्य र अधिकार........................................................................... ७

३.३ कर्मचारी दरबन्दी तथा संगठनात्मक संरचना........................................................................... ८

खण्ड ४. जिन्सी व्यवस्थापन, वार्षिक कार्यक्रम तथा प्रगति विवरण...........................................................................१०

४.१ कार्यालयको जिन्सी अवस्था...........................................................................१०

४.२ वार्षिक कार्यक्रम ...........................................................................१३

४.३ आ.व. २०८२/०८३ कार्यक्रमको संक्षिप्त जानकारी ...........................................................................२१

४.३.१ नियमित कार्याक्रम अन्तर्गत.....................................................................२१

४.३.२ आ.व. २०८२/०८३ को सम्पादित मुख्य मुख्य कार्य तथा उपलब्धिहरु ...............२१

४.३.३ वित्तिय प्रगती (चाँलु र पुँजिगत) कम हुनुको स्पष्ट कारण र समाधानका लागि गरिएका प्रयास .....................................................................................................२१

४.३.४ बेरुजु र बेरुजु फेर्छौंटको अवस्था ...............................................................२१

४.३.५ प्रमुख समस्या, चुनौती,समाधानका उपाय र सुझाव.............................................२१

खण्ड ५. कार्यालयका समस्या तथा समाधानका उपायहरु............................................ २९

५.१ कार्यालयले भोग्नुपरेका प्रमुख समस्या तथा चुनौतीहरू..................................... २९

५.२ कार्यालयले भोग्नुपरेका प्रमुख समस्या तथा चुनौतीहरूको समाधानका उपाय............. २९

५.३ निष्कर्ष र सुझाव....................................................................................... ३१

# खण्ड १.परिचय

## १.१ पृष्ठभूमि

तथ्याङ्क ऐन, २०७९ बमोजिम तत्कालीन केन्द्रीय तथ्याङ्क विभागको पुनर्संरचना तथा स्तरोन्नति भई वि.सं. २०७९ असोज २७ गतेदेखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना भएको हो। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०९/१२ को निर्णयअनुसार साविकका ३३ जिल्लास्थित तथ्याङ्क कार्यालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी १८ तथ्याङ्क समन्वय कार्यालयको स्थापना गरिएको हो।

यसै क्रममा साविकको तथ्याङ्क कार्यालय, मकवानपुर को नाम परिवर्तन भई तथ्याङ्क समन्वय कार्यालय, मकवानपुर कायम भएको छ। कार्यालयले तोकिएको कार्यक्षेत्रभित्र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने गणना, सर्वेक्षण, तथ्याङ्क सङ्कलन, सम्पादन, प्रविष्टि, अनुगमन तथा समन्वयसम्बन्धी कार्य गर्दै आएको छ। साविक कार्यालयको कार्यक्षेत्र मकवानपुर, र धादिङ रहेकोमा संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रश्चात कार्यालयको कार्यक्षेत्रमा परिमार्जन भई धादिङ जिल्ला कार्यक्षेत्र बाट हटाई चितवन र सिन्धुली थप भएर हाल तिन जिल्लाहरु चितवन,मकवानपुर र सिन्धुली कार्यक्षेत्र कायम गरिएको छ।

## १.२ प्रतिवेदनको उद्देश्य

आर्थिक वर्ष २०८२/८३ मा तथ्याङ्क समन्वय कार्यालय, मकवानपुरबाट सञ्चालन तथा सम्पादन गरिएका विभिन्न कार्यक्रम, क्रियाकलाप तथा तथ्याङ्कीय सेवा प्रवाहसम्बन्धी कार्यहरूको समग्र विवरण प्रस्तुत गर्नु यस प्रतिवेदनको मुख्य उद्देश्य रहेको छ। कार्यालयबाट सम्पादन भएका कार्यहरूको प्रगति, उपलब्धि, कार्यसम्पादनको अवस्था तथा आगामी कार्यदिशाका सम्बन्धमा सम्बन्धित निकाय तथा सरोकारवालालाई जानकारी गराउने उद्देश्यले समेत यो प्रतिवेदन तयार गरिएको हो।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम सम्बन्धित तालुक कार्यालयमा पेश गर्नुपर्ने प्रतिवेदनसम्बन्धी व्यवस्थालाई समेत आधार मानी यो प्रतिवेदन तयार

गरिएको छ। यसका साथै कार्यालयको वार्षिक कार्यसम्पादन, कार्यक्रम कार्यान्वयनको अवस्था, उपलब्ध स्रोत–साधनको उपयोग तथा तथ्याङ्कीय सेवा प्रवाहका सम्बन्धमा सरोकारवाला निकायलाई आवश्यक जानकारी उपलब्ध गराउनु पनि प्रतिवेदनको उद्देश्य रहेको छ।

## १.३ प्रतिवेदन तयारीका स्रोत र विधि

कार्यालयको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम, राष्ट्रिय तथ्याङ्क कार्यालयकाबाट आ.व. २०८२/८३ मा यस कार्यालयलाई प्राप्त अख्तियारी, त्रैमासिक तथा वार्षिक प्रतिवेदनहरु, भ्रमण अभिलेख खाता तथा कार्यालयका अन्य अभिलेखहरुका आधारमा यो प्रतिवेदन तयार पारिएको हो ।

# खण्ड २. कार्यसम्पादनका आधारहरु

## २.१ आधारहरु

कार्यालयको कार्यसम्पादन आधारका रुपमा नेपालको संविधान, तथ्याङ्क ऐन, २०७९, तथ्याङ्क नियमावली, २०८० तथा तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३ चालु आवधिक योजना, नेपाल सरकारको बजेट तथा कार्यक्रम, संगठनात्मक मूल्य मान्यता तथा प्रचलित कानुन रहेका छन्। कार्यालयबाट सम्पादन हुने तथ्याङ्कीय गतिविधिहरूको विश्वसनीयता, गुणस्तर, नियमितता, पारदर्शिता तथा समन्वय सुनिश्चित गर्न संवैधानिक, कानुनी, नीतिगत तथा संगठनात्मक आधारहरूको महत्वपूर्ण भूमिका रहेको छ। कार्यसम्पादनका प्रमुख आधारहरू देहायबमोजिम रहेका छन्।

.

### २.१.१ संवैधानिक आधार

नेपालको संविधानले तथ्याङ्क सम्बन्धी विषयलाई विशेष महत्वका साथ उल्लेख गरेको छ। यसले नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीलाई विकेन्द्रीत गरी संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रलाई अनुसूची मार्फत स्पष्ट पारेको छ। संघको अधिकार क्षेत्रमा तथ्याङ्कको मानक र गुणस्तर (अनुसूची-५) कायम गर्ने विषय, प्रदेशको अधिकार क्षेत्रमा प्रदेश अन्तर्गतको तथ्याङ्क संकलन (अनुसूची-६) र

स्थानीय तहले स्थानीय तथ्याङ्क र अभिलेख व्यवस्थापन, बेरोजगारी तथ्याङ्क संकलन (अनुसूची-८) तथा तीनै तहको साझा अधिकार सूची (अनुसूची-९)मा व्यक्तिगत घटना, जन्म-मृत्यु, बसाईसराई जस्ता विषय समावेश गरिएको छ। यहि अधिकार क्षेत्रभित्र रही तथ्याङ्कीय गतिविधिहरु सञ्चालन गर्ने संवैधानिक आधार प्राप्त गरेको हो।

### २.१.२ तथ्याङ्क ऐन,२०७९

राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य सञ्चालनको मुख्य आधारको रुपमा तथ्याङ्क ऐन, २०७९ अन्तर्गत देहायका प्रावधान समावेश गरिएको छ।

- तथ्याङ्कसम्बन्धी कार्य गर्ने केन्द्रीय निकायका रूपमा राष्ट्रिय तथ्याङ्क कार्यालय रहने व्यवस्था,
- राष्ट्रिय तथ्याङ्क परिषद्को गठन तथा काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था,
- तथ्याङ्क संकलक, उत्पादक तथा प्रयोगकर्ताको दायित्वसम्बन्धी व्यवस्था,
- तथ्याङ्क संकलनका लागि अनुमति लिनुपर्ने तथा अनुमति प्रदान गर्नेसम्बन्धी व्यवस्था गर्ने,
- तथ्याङ्कको गोपनीयता तथा व्यक्तिगत सूचनाको संरक्षणको व्यवस्था गर्ने,
- विद्युतीय अभिलेख, तथ्याङ्कको प्रयोग तथा पहुँचसम्बन्धी व्यवस्था,
- तथ्याङ्कको आधिकारिकता, गुणस्तर तथा उपयोगसम्बन्धी कानुनी व्यवस्था।

यस ऐनले तथ्याङ्क उत्पादन तथा व्यवस्थापनका क्षेत्रमा संघीय संरचनाअनुकूल संस्थागत तथा कानुनी व्यवस्था सुनिश्चित गरेको हुँदा तथ्याङ्क समन्वय कार्यालय, मकवानपुरको दैनिक तथ्याङ्कीय, समन्वयात्मक तथा प्रशासनिक कार्यसम्पादनका लागि समेत यो महत्वपूर्ण आधारका रूपमा रहेको छ।

### २.१.३ तथ्याङ्क नियमावली,२०८०

मिति २०८१ बैशाख ३ गते नेपाल राजपत्रमा प्रकाशित भइ कार्यान्वयनमा आएको तथ्याङ्क नियमावली, २०८० ले ७ ओटा विस्तृत अनुसूचीको व्यवस्था गरेको छ जसमा आधिकारिक तथ्याङ्क उत्पादकको विवरण, सुक्ष्म कोरा तथ्याङ्क दस्तुर, अनुमति निवेदन, अनुमति पत्र प्रमाणिकरण निवेदन, प्रमाणपत्र समावेश छन्।यसका साथै तथ्याङ्कीय गुणस्तर निर्धारणका ढाँचाहरु, तथ्याङ्क संकलनका विधि र प्रक्रिया निर्धारण, तथ्याङ्कीय रजिष्टर तयार गर्ने, तथ्याङ्क उपलब्ध गराउनु व्यक्ति, निकाय वा संस्थाको कर्तब्य हुने लगायतका प्रावधान समावेश गरिएको छ।

### २.१.३ तथ्याङ्क नियमावली, २०८० तथा तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३

तथ्याङ्क ऐन, २०७९ को कार्यान्वयनलाई व्यवस्थित तथा प्रभावकारी बनाउन मिति २०८१ बैशाख ३ गते तथ्याङ्क नियमावली, २०८० जारी गरिएको हो। नियमावलीले तथ्याङ्क उत्पादन, संकलन, व्यवस्थापन तथा उपयोगका विभिन्न प्रक्रिया, अनुमति, आधिकारिकता, कच्चा तथ्याङ्कको उपलब्धता, गुणस्तर तथा तथ्याङ्कीय गतिविधिको समन्वयसम्बन्धी विषयलाई थप स्पष्ट र कार्यान्वयनयोग्य बनाएको छ।

यसै क्रममा तथ्याङ्क नियमावली, २०८० मा थप स्पष्टता तथा आवश्यक परिमार्जन गर्न नेपाल सरकारले तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३ जारी गरेको छ। उपलब्ध राजपत्रीय विवरणअनुसार उक्त संशोधन नेपाल राजपत्रमा , मिति २०८३।०४।२८ मा प्रकाशित भएको हो र नियमावलीको संक्षिप्त नाम “तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३” कायम गरिएको छ। पहिलो संशोधनबाट कार्यालयको तथ्याङ्कीय कार्यसम्पादनसँग प्रत्यक्ष सम्बन्ध राख्ने केहि महत्वपूर्ण व्यवस्थाहरू थप तथा परिमार्जन भएका छन्।

### २.१.४ संगठनात्मक मान्यता

कार्यालयमा उपलब्ध जनशक्ति, स्रोत तथा साधनको प्रभावकारी परिचालन गर्दै निर्धारित जिम्मेवारी समयमै सम्पन्न गर्ने, कार्यसम्पादनमा पारदर्शिता तथा जवाफदेहिता कायम गर्ने र तथ्याङ्क प्रदायक प्रयोगकर्ता तथा सरोकारवाला सवै निकायसंग समन्वय र सहकार्यको वातावरण निर्माण गर्ने प्रयास गरिएको छ। त्यसैगरी राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठनात्मक मूल्य—मान्यता, पेशागत आचरण, उत्तरदायित्व, सेवाग्राहीप्रतिको सम्मान तथा तथ्याङ्कको गोपनीयता र निष्पक्षताप्रतिको प्रतिबद्धतालाई कार्यालयको कार्यसम्पादनको अभिन्न आधारका रूपमा लिइएको छ।

### २.१.५ अन्य आधारहरु

नेपाल स्तरीय औद्योगिक वर्गीकरण, तथ्याङ्कीय गतिविधिको वर्गीकरण गर्न तथ्याङ्क सम्बन्धी अन्तराष्ट्रिय सिद्धान्त परिभाषा र वर्गीकरणहरु, तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति तथा एकिकृत राष्ट्रिय तथ्याङ्क प्रणाली विकास तथा व्यवस्थापन गर्न चालु सोह्रौ योजना, चालु बजेट लगायतका आधारहरु रहेका छन। यसका अतिरिक्त नेपाल सरकारको चालु आवधिक योजना, आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त नीति, निर्देशन, अख्तियारी तथा कार्ययोजना, कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा उपलब्ध स्रोत—साधनलाई समेत कार्यसम्पादनको आधारका रूपमा लिइएको छ।

# खण्ड ३. कार्यालयको परिचय,संगठन संरचना

## ३.१ कार्यालयको परिचय

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालय मातहतका १८ ओटा तथ्याङ्क समन्वय कार्यालय मध्ये तथ्याङ्क समन्वय कार्यालय मकवानपुर एक हो। साबिकको केन्द्रीय तथ्याङ्क विभाग(हाल राष्ट्रिय तथ्याङ्क कार्यालय)को स्थापना तथ्याङ्क ऐन, २०१५ बमोजिम वि.स. २०१५ साल पौष १७ गते भएको हो । तथ्याङ्क ऐन, २०७९ तथा नियमावली, २०८० बमोजिम तथ्याङ्क संकलन, प्रशोधन, संग्रह, प्रकाशन, विश्लेषण गर्ने समेतको प्रयोजनका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट संचालन गरिने गणना, सर्वेक्षण तथा सूचनाको निर्माण कार्यमा सहयोग पुर्याउन नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०९/१२ को निर्णयानुसार ३३ वटा तथ्यांक कार्यालयहरु खारेज भई हाल १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरुको संगठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत भई कार्यान्वयनमा तथ्याङ्क समन्वय कार्यालय, मकवानपुर पनि रहेको छ। हाल यस कार्यालय बागमती प्रदेश, मकवानपुर जिल्लाको सदरमुकाम हेटौंडा उप-महानगरपालिका-११ स्थित थानाभर्याङमा कार्यालयको आफ्नै भवनमा रहेको छ। यस कार्यालयको कार्यक्षेत्र भित्र चितवन,मकवानपुर र सिन्धुली गरी तीन जिल्लाहरु पर्दछन् । तथ्याङ्क समन्वय कार्यालयको स्थापनापछि प्रदेश जिल्ला र स्थानिय स्तरमा राष्ट्रिय तथ्यांक कार्यालयबाट संचालन हुने गणना एवं सर्वेक्षणहरुमा सहयोगी भूमिका निभाउनुको अतिरिक्त तथ्याङ्क समन्वय कार्यालयको आफ्नै वार्षिक कार्यक्रमहरू पनि संचालन हुँदै आएका छन् । राष्ट्रिय तथ्यांक कार्यालयबाट प्रकाशित पुस्तक तथा डिजिटल  तथ्याङ्कहरु सरोकारवालाहरुलाई जिल्लास्तरमा यस कार्यालयले सर्वसुलभ रुपमा निःशुल्क तथ्याङ्क उपलब्ध गराउँदै आएको छ ।कार्यालयको कार्य संचालन विधि मुलत तथ्याङ्क ऐन, २०७९ र तथ्याङ्क नियमावली, २०८० साथै भर्खरै संशोधन भएको तथ्याङ्क नियमावली, २०८० तथा तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३बाट निर्देशित रहेको छ । यसको अतिरिक्त केन्द्रीय संगठन दिग्दर्शन, २०५४ र केन्द्रीय तथ्याङ्क विभागको कार्यविधि २०६१ तथा नेपाल सरकारबाट जारी भएका निर्देशिका, परिपत्र र प्रचलित आर्थिक प्रशासनिक कानुनहरुनै यस कार्यालयको कार्यविधिका आधारहरु हुन् । यसले समयमै भरपर्दो, सामाजिक-आर्थिक, तथ्याङ्कहरु मुख्य रुपमा जनगणना र सर्वेक्षणको संचालनको माध्यमबाट तयार गर्दछ ।
त्यसैगरी देशको सामाजिक स्थिति, आर्थिक अवस्थाको मापन गर्न नियमित रुपमा विभिन्न घरपरिवार सर्वेक्षण, दश वर्षे जनगणना, कृषि गणना, औद्यौगिक गणना, औद्यौगिक सर्वेक्षण साथसाथै जीवनस्तर सर्वेक्षण, श्रम शक्ति सर्वेक्षण गर्दछ ।


## ३.२ काम, कर्तव्य र अधिकार

राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क  समन्वय कार्यालय, मकवानपुर लगायत मातहतका १८ जिल्लामा रहेका तथ्याङ्क समन्वय कार्यालयहरूको लागि निर्धारित गरिएका कार्यहरू देहाय बमोजिम रहेका छन्

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट छानिएका क्षेत्रमा प्राप्त निर्देशन बमोजिम अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्ने,
- तथ्याङ्क कार्यालयका प्रकाशन एवम् राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त प्रकाशनहरू विभिन्न व्यक्ति, संघ संस्था र कार्यालयहरूलाई उपलब्ध गराउने,
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त तथ्याङ्क एवं प्रकाशनहरूको अभिलेखहरूको संरक्षण गर्ने,
- प्रदेश,जिल्ला एंव् स्थानिय तहका सरकारी एवं गैर सरकारी कार्यालय, तथ्याङ्क प्रयोगकर्ता बिच गोष्ठी, बैठक आदि मार्फत समन्वयको कार्य गर्ने,
- आवश्यकता अनुसार प्राथमिक र द्वितीय तथ्याङ्कहरू सङ्कलन, विश्लेषण तथा प्रशोधन गर्ने,
- कार्यक्षेत्र भित्र परेका प्रदेश,जिल्ला तथा स्थानीय तहहरूको वस्तुगत विवरण तयार गर्ने,
- योजना, निति निर्माण, अध्ययन अनुसन्धान एवम अनुगमन मूल्याङ्कनको आवश्यक तथ्याङ्क उपलब्ध गराउने,
- तथ्याङ्क विकासका लगि पैरवी र सरोकारवाला निकायहरू लाई सुझाव उपलब्ध गराउने,
- वडा र गणना क्षेत्रको सिमाना, धरातल र घरपरिवारको निर्दिष्ट स्थान छुट्याउने गेरी नक्साङ्कन गर्ने,
- प्रदेश,जिल्ला तथा स्थानीय तहहरूमा विभिन्न तथ्याङ्कीय क्रियाकलापहरूको समन्वय गर्ने,
- तथ्याङ्कको गुणस्तरमा विश्वसनियता, वैधता र एकरुपता कायम गरी विभिन्न निकायहरू संग समन्वय गर्ने,
- राष्ट्रिय तथ्याङ्क कार्यालयको निर्देशन बमोजिम अन्य कार्य गर्ने,

## ३.३ कर्मचारी दरबन्दी तथा संगठनात्मक संरचना

संगठनात्मक संरचना तथा कर्मचारी विवरण



## नयाँ संगठन संरचना अनुसार तथ्याङ्क समन्वय कार्यालय मकवानपुरको दरबन्दी विवरण

| सि.न. | पद | | श्रेणी | सेवा | समुह |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्क समन्वय अधिकारी | देवेन्द्रलाल कारन्जित | रा. प. द्धितीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क |
| २ | तथ्याङ्क अधिकृत | रागिनि कुमारी वर्मा | रा. प. तृतीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क |
| ३ | तथ्याङ्क अधिकृत | रेणु कुमारी घिमिरे | रा. प. तृतीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क |
| ४ | सुपरिवेक्षक | अर्जुन अधिकारी | रा. प.अनं.प्रथम | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क |
| ५ | सुपरिवेक्षक | सुवाश कोइराला | रा. प.अनं.प्रथम | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क |
| ६ | सुपरिवेक्षक | रुद्र बहादुर बोगटी | रा. प.अनं.प्रथम | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क |
| ७ | गणक | अरविन्द कुमार जैसवाल | रा.प .अनं.द्धितीय(प्रा.) | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क |
| ८ | गणक | शौरभ आनन्द मिश्र | रा.प .अनं.द्धितीय(प्रा.) | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क |
| ९ | गणक | रामेश्वर शाह तेली | रा.प .अनं.द्धितीय(प्रा.) | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क |
| १० | खरिदार | गोपाल ढोडरी | रा. प.अनं.द्धितीय | नेपाल प्रशासन | सामान्य प्रशासन |
| ११ | खरिदार | मुना बन्जारा | रा. प.अनं.द्धितीय | नेपाल प्रशासन | सामान्य प्रशासन |
| १२ | सहलेखापाल | राजकिशोर शाह | रा. प.अनं.द्धितीय | नेपाल प्रशासन | लेखा |
| १३ | कार्यालय सहयोगी | शुशिला महत | श्रेणि विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन |
| १४ | कार्यालय सहयोगी | सरिना कुँवर | श्रेणि विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन |
| १५ | हलुका सवारी चालक | शंकर बहादुर खत्री | श्रेणि विहिन | | |
| **जम्मा** | | | | | **१५** |

# खण्ड ४. जिन्सी व्यवस्थापन, वार्षिक कार्यक्रम तथा प्रगति विवरण

## ४.१ कार्यालयको जिन्सी विवरण

यस कार्यालयमा रहेका तपशिल बमोजिमका जिन्सी सामानहरु रहेका छन ।जस मध्ये केही काम नलाग्ने भई लिलामी गर्नुपर्ने अवस्थामा रहेका छन । जिन्सी सामानहरुको संक्षिप्त विवरण निम्नानुसार तालिकामा दिइएको छ।

तालिका:कार्यालयको जिन्सी विवरण -

| क्र.स. | जिन्सी तथा मालसामान | एकाई संख्या | चालु अवस्थामा | |
|---|---|---|---|---|
| | | | रहेको | नरहेको |
| १ | मोटर साइकल | ३ | २ | १ |
| २ | पिकअप भ्यान | १ | १ | ० |
| ३ | साइकल | ३ | ० | ३ |
| ४ | डेस्कटप कम्प्युटर | १६ | ७ | ९ |
| ५ | मोनिटर | २ | २ | ० |
| ६ | ल्यापटप | १३ | ७ | ६ |
| ७ | ट्याबलेट | २ | ० | २ |
| ८ | फोटोकपी मेशिन | १ | १ | ० |
| ९ | टेलिभिजन | १ | १ | ० |
| १० | मोबाइल | १ | ० | १ |
| ११ | प्रिन्टर | १४ | ९ | ५ |
| १२ | स्क्यानर | १ | ० | १ |
| १३ | फ्याक्स मेशीन | १ | ० | १ |
| १४ | प्रोजेक्टर | ३ | ३ | ० |
| १५ | प्रोजेक्टर स्क्रिन | १ | १ | ० |
| १६ | हार्ड ड्राइभ (External) | २ | ० | २ |
| १७ | हिटर | १ | ० | १ |
| १८ | सिलिङ पंखा | ३३ | २१ | १२ |

| क्र.स. | जिन्सी तथा मालसामान | एकाई | चालु अवस्थामा | |
|---|---|---|---|---|
| | | संख्या | रहेको | नरहेको |
| १९ | पम्प (पानी तान्ने) | २ | १ | १ |
| २० | फ्रिज | २ | २ | ० |
| २१ | भ्याकुम क्लिनर | १ | १ | ० |
| २२ | यु.पि.एस. (UPS) | ७ | ० | ७ |
| २३ | ब्याट्री (Battery BDC) | ६ | ५ | १ |
| २४ | गिजर (Electric Geyser) | १ | १ | ० |
| २५ | अन्य बिद्युतीय उपकरण (Exit Fan) | ३ | ० | ३ |
| २६ | ईन्भर्टर | १ | १ | ० |
| २७ | पंखा (16" Stand Fan) | १५ | १५ | ० |
| २८ | मनिटर स्पीकर | २ | १ | १ |
| २९ | टेवुल | १९ | १४ | ५ |
| ३० | कुर्चि (सबै प्रकार) | ७४ | ५२ | २२ |
| ३१ | दराज | ५ | ४ | १ |
| ३२ | सोफासेट | १५ | ९ | ६ |
| ३३ | स्टिल दराज | २२ | २२ | ० |
| ३४ | रिभल्भिङ चेयर (सबै प्रकार) | २६ | २१ | ५ |
| ३५ | टि टेवल | १४ | ११ | ३ |
| ३६ | कम्प्युटर टेबल | १० | ७ | ३ |
| ३७ | बेन्च | २ | २ | ० |
| ३८ | खाट पलङ लोबेड | ८ | ७ | १ |
| ३९ | इस्टुल | १ | १ | ० |
| ४० | स्टान्ड (फ्रिज/टीभी) | २ | २ | ० |
| ४१ | स्टील दराज | १ | १ | ० |
| ४२ | क्याबिनेट / काउन्टर | ३ | ३ | ० |
| ४३ | रोष्टम | १ | १ | ० |

| क्र.स. | जिन्सी तथा मालसामान | एकाई | चालु अवस्थामा | |
|---|---|---|---|---|
| | | संख्या | रहेको | नरहेको |
| ४४ | डाइनिङ टेवुल | २ | १ | १ |
| ४५ | मिटिङ टेवुल | ४ | ४ | ० |
| ४६ | बुक केश (Book Case) | ३ | ३ | ० |
| ४७ | सोकेश (Showcase) | १ | १ | ० |
| ४८ | अफिस टेबल (Office Table) | ४ | ३ | १ |
| ४९ | म्याट्रेस | १ | १ | ० |
| ५० | बक्स पलङ्ग | १ | १ | ० |
| ५१ | कुर्ची (डाइनिङ) | ३ | ३ | ० |
| ५२ | पर्दा | ५ | ५ | ० |
| ५३ | कार्पेट | ७ | ७ | ० |
| ५४ | पानी फील्टर | २ | ० | २ |
| ५५ | ह्वाइट बोर्ड | ३ | ३ | ० |
| ५६ | साइन बोर्ड | २ | २ | ० |
| ५७ | नेम प्लेट | १ | १ | ० |
| ५८ | वाटर डिस्पेसर | २ | २ | ० |
| ५९ | ट्यांकी | २ | २ | ० |
| ६० | रिभल्विङ हाइड्रोलिक कुर्चि | १ | १ | ० |
| ६१ | रिभल्विङ चियर | २ | २ | ० |
| ६२ | ग्यास सिलिण्डर | २ | २ | ० |
| ६३ | ग्यास चुल्हो | ३ | ३ | ० |
| ६४ | अन्य कार्यालय उपकरण | १ | ० | १ |
| ६५ | मेजरिङ टेप | १ | ० | १ |
| **कुल जम्मा** | | ३५३ | २६४ | ८९ |

## ४.२ वार्षिक कार्यक्रम

| तथ्याङ्क समन्वय कार्यालय, मकवानपुरको चालुगत खर्च | | | | |
|---|---|---|---|---|
| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट | वित्तिय प्रगति |
| 21111पारिश्रमिक कर्मचारी | ८,५७४,०००.०० | ७,११३,१००.६० | १,४६०,८९९.४० | ८२.९६ |
| 1.1.1.4रा.प. द्वितीय | ९२३,०००.०० | ९२२,८१५.४० | १८४.६० | ९९.९८ |
| 1.1.1.5रा.प. तृतीय | १,६५५,०००.०० | १,४८७,८५०.८० | १६७,१४९.२० | ८९.९ |
| 1.1.1.6रा.प.अनं. प्रथम | २,०७१,०००.०० | १,७४३,११२.८० | ३२७,८८७.२० | ८४.१७ |
| 1.1.1.7रा.प.अनं.द्वितीय | ३,९२५,०००.०० | २,९५९,३२१.६० | ९६५,६७८.४० | ७५.४ |
| 21121पोशाक | १२०,०००.०० | १२०,०००.०० | ०.०० | १०० |
| 1.3.1.1निजामती कर्मचारीहरुको पोशाक खर्च | १२०,०००.०० | १२०,०००.०० | ०.०० | १०० |
| 21132महंगी भत्ता | ६६०,०००.०० | ६६०,०००.०० | ०.०० | १०० |
| 1.2.2.1स्थायी कर्मचारीको महंगी भत्ता | ६६०,०००.०० | ६६०,०००.०० | ०.०० | १०० |
| 21139अन्य भत्ता | ३६,०००.०० | २,४००.०० | ३३,६००.०० | ६.६६७ |
| 1.2.10.1पाले पहरा भत्ता | ८,०००.०० | ०.०० | ८,०००.०० | ० |
| 1.2.10.2दशै तिहार जस्ता पर्वहरुमा पाले पहरा भत्ता | ३,०००.०० | २,४००.०० | ६००.०० | ८० |
| 1.2.8.1प्रसुती स्याहार भत्ता | १०,०००.०० | ०.०० | १०,०००.०० | ० |
| 1.2.9.3बैठक भत्ता | १५,०००.०० | ०.०० | १५,०००.०० | ० |

| तथ्याङ्क समन्वय कार्यालय, मकवानपुरको चालुगत खर्च | | | | |
|---|---|---|---|---|
| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट | वित्तिय प्रगति |
| 21212योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १३६,०००.०० | १०१,०३८.५० | ३४,९६१.५० | ७४.२९ |
| 1.6.2.1कर्मचारीको योगदानमा आधारित निवृतभरण खर्च | १३६,०००.०० | १०१,०३८.५० | ३४,९६१.५० | ७४.२९ |
| 21213योगदानमा आधारित बीमा कोष खर्च | ६८,०००.०० | ४९,६००.०० | १८,४००.०० | ७२.९४ |
| 1.6.4.1कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | ६८,०००.०० | ४९,६००.०० | १८,४००.०० | ७२.९४ |
| 22111पानी तथा बिजुली | १३२,०००.०० | १३१,७६०.०० | २४०.०० | ९९.८२ |
| 2.1.2.9विधुत महशुल | ६०,०००.०० | ६०,०००.०० | ०.०० | १०० |
| 2.1.3.1जारको पिउने पानी | ७२,०००.०० | ७१,७६०.०० | २४०.०० | ९९.६७ |
| 22112संचार महसुल | १२५,०००.०० | १०७,२२०.०० | १७,७८०.०० | ८५.७८ |
| 2.1.6.1टेलिफोन महसुल | ६०,०००.०० | ६०,०००.०० | ०.०० | १०० |
| 2.1.7.1ईमेल/ इन्टरनेट/वेवसाइट महसुल | २९,०००.०० | २८,५००.०० | ५००.०० | ९८.२८ |
| 2.1.9.1हुलाक/कुरियर खर्च | ३६,०००.०० | १८,७२०.०० | १७,२८०.०० | ५२ |
| 22212इन्धन (कार्यालय प्रयोजन) | ४४४,०००.०० | ३४९,१९४.०५ | ९४,८०५.९५ | ७८.६५ |
| 2.2.2.38कार्यालय प्रयोजनार्थ दुई पांग्रे / चार पांग्रे सवारी साधनको लागि | ४००,०००.०० | ३०६,३५९.०० | ९३,६४१.०० | ७६.५९ |

| तथ्याङ्क समन्वय कार्यालय, मकवानपुरको चालुगत खर्च | | | | |
|---|---|---|---|---|
| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट | वित्तिय प्रगति |
| इन्धन | | | | |
| 2.2.2.4मोबिल | ४४,०००.०० | ४२,८३५.०५ | १,१६४.९५ | ९७.३५ |
| 22213सवारी साधन मर्मत खर्च | २१४,०००.०० | २१३,९१८.०० | ८२.०० | ९९.९६ |
| 2.3.1.9सवारीसाधन मर्मत तथा सर्भिसिङ | २१४,०००.०० | २१३,९१८.०० | ८२.०० | ९९.९६ |
| 22214वीमा तथा नवीकरण खर्च | ४०,०००.०० | २३,५५०.०० | १६,४५०.०० | ५८.८८ |
| 2.9.2.13सवारी साधन वीमा नविकरण | ४०,०००.०० | २३,५५०.०० | १६,४५०.०० | ५८.८८ |
| 22221मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ८०,०००.०० | ७८,१०२.०० | १,८९८.०० | ९७.६३ |
| 2.3.2.21मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ८०,०००.०० | ७८,१०२.०० | १,८९८.०० | ९७.६३ |
| 22311मसलन्द तथा कार्यालय सामाग्री | ३४२,०००.०० | ३४१,८५१.०० | १४९.०० | ९९.९६ |
| 2.4.1.91मसलन्द तथा कार्यालय सामाग्री | ३४२,०००.०० | ३४१,८५१.०० | १४९.०० | ९९.९६ |
| 22413करार सेवा शुल्क | १,०५५,०००.०० | १,०५३,४५२.०० | १,५४८.०० | ९९.८५ |

| तथ्याङ्क समन्वय कार्यालय, मकवानपुरको चालुगत खर्च | | | | |
|---|---|---|---|---|
| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट | वित्तिय प्रगति |
| 2.5.7.25शौचालय सरसफाइ गर्ने व्यक्ति करार | ६०,०००.०० | ६०,०००.०० | ०.०० | १०० |
| 2.5.7.6करार सेवाका कर्मचारीका लागि पोशाक खर्च | २०,०००.०० | २०,०००.०० | ०.०० | १०० |
| 2.5.8.4हलुका सवारी चालक | ३३२,०००.०० | ३३१,२००.०० | ८००.०० | ९९.७६ |
| 2.5.8.5कार्यालय सहयोगी | ५९३,०००.०० | ५९२,८४८.०० | १५२.०० | ९९.९७ |
| 2.5.8.7करारका कर्मचारीको लागि चाडवाड खर्च | ५०,०००.०० | ४९,४०४.०० | ५९६.०० | ९८.८१ |
| 22511कर्मचारी तालिम खर्च | ९५,०००.०० | ०.०० | ९५,०००.०० | ० |
| 2.6.3.28गणक तालिम | ९५,०००.०० | ०.०० | ९५,०००.०० | ० |
| 22512सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १०४,०००.०० | ०.०० | १०४,०००.०० | ० |
| 2.6.6.18तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम | ५७,०००.०० | ०.०० | ५७,०००.०० | ० |
| 2.6.6.21प्रादेशिक राष्ट्रिय लेखा संग सम्बन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम | ४७,०००.०० | ०.०० | ४७,०००.०० | ० |

| तथ्याङ्क समन्वय कार्यालय, मकवानपुरको चालुगत खर्च | | | | |
|---|---|---|---|---|
| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट | वित्तिय प्रगति |
| 22522कार्यक्रम खर्च | ३,१४०,०००.०० | २,१७२,९३२.०० | ९६७,०६८.०० | ६९.२ |
| 2.7.25.213प्रादेशिक राष्ट्रिय लेखा तथ्यांकको प्रारम्भिक अनुमानको सार्वजनिकीरण (National Accounts) | ५४,०००.०० | ०.०० | ५४,०००.०० | ० |
| 2.7.25.835त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको लागि तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य | २८८,०००.०० | २८४,७८०.०० | ३,२२०.०० | ९८.८८ |
| 2.7.25.836निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण कार्य | १२६,०००.०० | ११७,८००.०० | ८,२००.०० | ९३.४९ |
| 2.7.25.837कृषि क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण कार्य | १२६,०००.०० | १०३,५५०.०० | २२,४५०.०० | ८२.१८ |
| 2.7.25.838कृषि उपजहरुको उत्पादक मूल्य संकलनमा सहजीकरणको लागि अगुवा कृषकहरुलाई प्रोत्साहन / यातायात खर्च | ८१,०००.०० | ८१,०००.०० | ०.०० | १०० |

| तथ्याङ्क समन्वय कार्यालय, मकवानपुरको चालुगत खर्च | | | | |
|---|---|---|---|---|
| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट | वित्तिय प्रगति |
| 2.7.25.839त्रैमासिक राष्ट्रिय लेखा तथ्यांक संकलन र अनुगमन तथा सुपरिवेक्षण | २५७,०००.०० | २१२,२५०.०० | ४४,७५०.०० | ८२.५९ |
| 2.7.25.840वार्षिक राष्ट्रिय लेखा तथ्यांक तथा प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन र अनुगमन तथा सुपरिवेक्षण | २४९,०००.०० | २४९,०००.०० | ०.०० | १०० |
| 2.7.25.843प्रादेशिक राष्ट्रिय लेखा तथा मूल्य तथ्याङ्कको प्राविधिक समितिको बैठक | ९९,०००.०० | ०.०० | ९९,०००.०० | ० |
| 2.7.25.844सूचीकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य | २१४,०००.०० | २०८,८००.०० | ५,२००.०० | ९७.५७ |
| 2.7.25.845स्थलगत मूल तथ्याङ्क सङ्कलन कार्यको लागि करार जनशक्ति | ३४७,०००.०० | ९५,९०२.०० | २५१,०९८.०० | २७.६४ |
| 2.7.25.846मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य | ४५८,०००.०० | ३९८,५५०.०० | ५९,४५०.०० | ८७.०२ |

| तथ्याङ्क समन्वय कार्यालय, मकवानपुरको चालुगत खर्च | | | | |
|---|---|---|---|---|
| खर्च/वित्तीय संकेत नम्बर / नाम | अन्तिम बजेट | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट | वित्तिय प्रगति |
| 2.7.25.856तथ्याङ्क सङ्कलन अनुगमन तथा सुपरिवक्षेण | २४७,०००.०० | १९६,३००.०० | ५०,७००.०० | ७९.४७ |
| 2.7.25.858आर्थिक गणनाको लागि गणना क्षेत्र नक्सा सम्बन्धी भेरीफिकेशन तथा सुपरिवेक्षण | ४५,०००.०० | ०.०० | ४५,०००.०० | ० |
| 2.7.25.859तथ्याङ्क दिवस मनाउने | ४५,०००.०० | ४५,०००.०० | ०.०० | १०० |
| 2.7.25.860वार्षिक प्रगति प्रतिवेदन (विद्धुतीय प्रति) तयारी छलफल | ४५,०००.०० | ०.०० | ४५,०००.०० | ० |
| 2.7.25.910स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम | २७०,०००.०० | ०.०० | २७०,०००.०० | ० |
| 2.7.25.912पालिका प्रोफाइल (विद्धुतीय प्रति) तयारीको लागि तथ्याङ्क सङ्कलन र सुपरिवेक्षण | १८०,०००.०० | १८०,०००.०० | ०.०० | १०० |
| 2.7.25.913तथ्याङ्क उत्पादन सम्बन्धी विभिन्न कार्यहरु (अन्य) | ९,०००.०० | ०.०० | ९,०००.०० | ० |
| 22611अनुगमन, मूल्यांकन खर्च | ३०६,०००.०० | २५७,३५०.०० | ४८,६५०.०० | ८४.१ |

| तथ्याङ्क समन्वय कार्यालय, मकवानपुरको चालुगत खर्च | | | | |
|---|---|---|---|---|
| **खर्च/वित्तीय संकेत नम्बर / नाम** | **अन्तिम बजेट** | **पेस्की बाहेक खर्च रकम** | **बाँकी बजेट** | **वित्तिय प्रगति** |
| 2.8.1.131स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक कार्यको अनुगमन | ७४,000.00 | २५,७००.०० | ४८,३००.०० | ३४.७३ |
| 2.8.1.7अनुगमन मूल्याङ्कन र भ्रमण खर्च | २३२,०००.०० | २३१,६५०.०० | ३५०.०० | ९९.८५ |
| 22612भ्रमण खर्च | १००,०००.०० | ६६,१००.०० | ३३,९००.०० | ६६.१ |
| 2.8.2.13कर्मचारी सरुवा भम्रण खर्च | १००,०००.०० | ६६,१००.०० | ३३,९००.०० | ६६.१ |
| 22711विविध खर्च | १९०,०००.०० | १८९,१४५.०० | ८५५.०० | ९९.५५ |
| 2.9.9.23अन्य विविध खर्च (अन्य) | १००,०००.०० | ९९,८५०.०० | १५०.०० | ९९.८५ |
| 2.9.9.42अन्य विविध खर्च | ९०,०००.०० | ८९,२९५.०० | ७०५.०० | ९९.२२ |
| 28142घर भाडा | ३६०,०००.०० | ३६०,०००.०० | ०.०० | १०० |
| 8.1.3.15कार्यालय सञ्चालनका लागी घर भाडा | ३६०,०००.०० | ३६०,०००.०० | ०.०० | १०० |
| जम्मा | १६,३२१,०००.०० | १३,३९०,७१३.१५ | २,९३०,२८६.८५ | ८२.०५ |
| **तथ्याङ्क समन्वय कार्यालय, मकवानपुरको पुँजीगत खर्च** | | | | |
| **खर्च/वित्तीय संकेत नम्बर / नाम** | **अन्तिम बजेट** | **पेस्की बाहेक खर्च रकम** | **बाँकी बजेट** | **वित्तिय प्रगति** |
| 31122मेशिनरी तथा औजार | ९२,०००.०० | ९०,०२७.१० | १,९७२.९० | ९७.८५ |

| तथ्याङ्क समन्वय कार्यालय, मकवानपुरको चालुगत खर्च | | | | |
|---|---|---|---|---|
| **खर्च/वित्तीय संकेत नम्बर / नाम** | **अन्तिम बजेट** | **पेस्की बाहेक खर्च रकम** | **बाँकी बजेट** | **वित्तिय प्रगति** |
| 11.3.22.47कार्यालय सञ्चालनका लागि आवश्यक मेशिनरी खरिद (एसी, कुलर, इन्भर्टर पंखा आदि) | ९२,०००.०० | ९०,०२७.१० | १,९७२.९० | ९७.८५ |
| 31123फर्निचर तथा फिक्चर्स | ४६,०००.०० | ४५,३८०.०० | ६२०.०० | ९८.६५ |
| 11.6.13.58कार्यलयका लागि आवश्यक फर्निचर तथा फिक्चर्स खरिद | ४६,०००.०० | ४५,३८०.०० | ६२०.०० | ९८.६५ |
| जम्मा | १३८,०००.०० | १३५,४०७.१० | २,५९२.९० | ९८.१२ |

उपलब्ध विवरणअनुसार कार्यालयको कुल चालु खर्चतर्फको अन्तिम बजेट रु. १,६३,२१,००० रहेकोमा पेस्की बाहेक खर्च रु. १,३३,९०,७१३.१५ भएको छ। यसबाट रु. २९,३०,२८६.८५ बाँकी रहेको र समग्र वित्तीय प्रगति ८२.०५% पुगेको देखिन्छ।किनकी यस आ.व मा कर्मचारी तालिम र सीप विकास/ तालिम वैठक तथा गोष्ठि एंव साक्षरता कार्यक्रम सञ्चालन गर्न नसकेकोमा उक्त शिर्षकमा खर्च नभएको वित्तिय प्रगति देखिएको छैन। कार्यक्रम खर्चः रु. ३१,४०,००० लाख बजेटमध्ये **६९.२०%** प्रगति भएको छ। पुंजीगततर्फ रु. १,३८,००० बजेटमध्ये रु. १,३५,४०७.१० खर्च भई ९८.१२% वित्तीय प्रगति भएको छ।नियमित प्रशासनिक खर्चका अधिकांश शीर्षकमा खर्च उच्च भए पनि तालिम, केही कार्यक्रम, अनुगमनका केही गतिविधि तथा अन्य निर्धारित कार्यक्रमहरूमा खर्च न्यून/शून्य रहेकोले बाँकी बजेटलाई लक्ष्यअनुसार परिचालन गर्न आवश्यक देखिन्छ।

## ४.३ आ.व. २०८२/०८३ कार्यक्रमको संक्षिप्त जानकारी

यस कार्यालयबाट नियमित रुपमा गरिदै आएका कार्यक्रमका अतिरिक्त आ.व. २०८२/०८३ मा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिएका अन्य गणना सर्वेक्षणहरु सम्पन्न भयो।

### ४.३.१ नियमित कार्यक्रम अन्तर्गत

| क्रयाकलाप | कार्यक्रम/ क्रयाकलाप | खर्च शीर्षक | इकाई | वा षक लक्ष्य | वा षक बजेट (रु.) | वा षक प्रगति | वा षक खर्च (रु.) | खर्च प्रतिशत (%) |
|---|---|---|---|---|---|---|---|---|
| २.७.२५.२१३ | प्रदेशिक राष्ट्रिय लेखा तथ्यांकको प्रारम्भिक सार्वजनिकीकरण | २२५२२ | प्रतिशत | १०० | ५४,००० | ० | ०.०० | ०.०० |
| २.७.२५.८३५ | त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको लागि तथ्यांक संकलन तथा सुपरिवेक्षण कार्य | २२५२२ | प्रतिशत | १०० | २८८,००० | १०० | २८४,७८० | ९८.८९ |
| २.७.२५.८३६ | निर्माण क्षेत्रको सर्वेक्षणका ला ग तथ्याङ्क संकलन (निय मत र नयाँ समेत) तथा सुपरिवेक्षण | २२५२२ | प्रतिशत | १०० | १२६,००० | १०० | ११७,८०० | ९३.४९ |
| २.७.२५.८३७ | कृ ष तथ्याङ्क संकलन एवं फल्ड सुपरिवेक्षण | २२५२२ | प्रतिशत | १०० | १२६,००० | १०० | १०३,५५० | ८२.१८ |
| २.७.२५.८३८ | कृ ष उत्पादक मूल्य अन्तर्गत अगुवा कृषकलाई प्रोत्साहन खर्च/यातायात खर्च | २२५२२ | प्रतिशत | ४ | ८१,००० | ४ | ८१,००० | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.७.२५.८३९ | त्रैमा सक राष्ट्रिय लेखा तथ्याङ्क संकलन तथा सुपरिवेक्षण | २२५२२ | प्रतिशत | १०० | २५७,००० | १०० | २१२,२५० | ८२.५९ |

| क्रयाकलाप | कार्यक्रम | खर्च शीर्षक | इकाई | लक्ष्य | बजेट रु मा | प्रगति | खर्च रु मा | खर्च प्रतिशत % |
|---|---|---|---|---|---|---|---|---|
| २.७.२५.८४० | वा षक रा.लेखा तथ्याङ्क संकलन | २२५२२ | प्रतिशत | १०० | २४९.००० | १०० | २४९,००० | १००.०० |
| २.७.२५.८४३ | प्रदेशिक राष्ट्रिय लेखा तथा मूल्य तथ्यांकको प्राविधिक समितिको वैठक | २२५२२ | प्रतिशत | १०० | ९९,००० | ० | ०.०० | ०.०० |
| २.७.२५.८४४ | नेपाल व्यावसायिक तरकारी बाली सूचीकरण | २२५२२ | प्रतिशत | १०० | १२६,००० | १०० | १२५,५०० | ९९.६० |
| २.७.२५.८४५ | नेपाल व्यावसायिक तरकारी बाली करार | २२५२२ | जना | ३ | ९५,००० | १०० | ०.०० | ०.०० |
| २.७.२५.८४६ | नेपाल व्यावसायिक | २२५२२ | प्रतिशत | १०० | १८०,००० | १०० | १८०,००० | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तरकारी बाली मुख्य फल्ड कार्य | | | | | | | |
| २.७.२५.८४४ | निजी स्वास्थ्य संस्था सर्वेक्षण | २२५२२ | प्रतिशत | १०० | १६.००० | १०० | १६,००० | १०० |
| २.७.२५.८४५ | निजी स्वास्थ्य संस्था सर्वेक्षण करार जनशक्ती | २२५२२ | प्रतिशत | १०० | ६३,००० | १०० | ६३,००० | १०० |
| २.७.२५.८४६ | निजी स्वास्थ्य संस्था मुख्य फल्ड | २२५२२ | प्रतिशत | १०० | १२६,००० | १०० | ६६,६०० | ५२.८६ |
| २.७.२५.८५६ | आन्तरिक पर्यटक सर्वेक्षण | २२५२२ | प्रतिशत | १०० | २०२,००० | १०० | १९६,३०० | ९७.१८ |
| २.७.२५.८४४ | स्थलगत यातायात सर्वेक्षण सूचीकरण | २२५२२ | प्रतिशत | १०० | ७२,००० | १०० | ६७३,०० | ९३.४७ |
| २.७.२५.८४५ | स्थलगत यातायात करार जनशक्ति | २२५२२ | जना | २ | १८९,००० | १ | ३२,९०२ | १७.४१ |
| २.७.२५.८४६ | स्थलगत यातायात मुख्य फल्ड | २२५२२ | प्रतिशत | १०० | १५२,००० | १०० | १५१,९५० | ९९.९७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.६.६.१८ | अन्तर क्रया कार्यक्रम | २२५२२ | पटक | १ | १०४,००० | ० | ०.०० | ०.०० |
| २.७.२५.८५८ | आ र्थक गणना भेरि फकेशन | २२५२२ | प्रतिशत | १०० | ४५,००० | ० | ०.०० | ०.०० |
| २.७.२५.८५९ | तथ्याङ्क दिवस | २२५२२ | पटक | १ | ४५००० | १ | ४५००० | १०० |
| २.७.२५.८६० | वा र्षक प्रगति प्रतिवेदन | २२५२२ | पटक | ४ | ४५००० | ४ | ०.०० | ०.०० |
| २.७.२५.९१० | तथ्याङ्कीय साक्षरता | २२५२२ | स्थानीय तह | ५ | २७०००० | ० | ०.०० | ०.०० |
| २.७.२५.९१२ | पा लका प्रोफाइल | २२५२२ | स्थानीय तह | २ | १८०,००० | २ | १८०००० | १०० |
| २.७.२५.९१३ | व भन्न कार्य | २२५२२ | प्रतिशत | १०० | ९,००० | ० | ०.०० | ०.०० |

| क्रियाकलाप | कार्यक्रम | खर्च शीर्षक | इकाई | लक्ष्य | बजेट | प्रगति | खर्च | % |
|---|---|---|---|---|---|---|---|---|
| २.८.१.१३१ | स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक कार्यको अनुगमन | २२६११ | स्थानीय तह | १६ | ७४००० | १२ | २५७०० | ३४.७२ |
| २.७.२५.८४६ | अस्थायी बालीको उत्पादन लागत अध्ययनको | २२५२२ | प्रतिशत | १०० | ४५००० | ० | ०.०० | ०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मुख्य फिल्ड कार्य तथा सुपरिवेक्षण | | | | | | | |
| २.६.३.२८ | सहकारी सर्वेक्षेण | | प्रतिशत | १०० | ९५००० | ० | ०.०० | ०.०० |
| | कार्यक्रम खर्च (जम्मा) | | | | ३४१३००० | | २३३४०३९ | ६८.३७ |

### ४.३.२ आ.व. २०८२/८३ को सम्पादित मुख्य मुख्य कार्य र उपलब्धिहरू

| क.सं. | सम्पादित मुख्य कार्य | उपलब्धि |
|---|---|---|
| १ | पालिका प्रोफाइल निर्माण | लक्ष्य अनुसार २ वटा स्थानीय तहहरूको वस्तुगत विवरण समयसीमाभित्र तयार गरी वेबसाइटमा अपलोड गरेको। |
| २ | वार्षिक प्रतिवेदन तयारी | तोकिएको समयसीमाभित्र वार्षिक प्रतिवेदन तयार गरी वेबसाइटमा अपलोड गरेको। |
| ३ | व्यावसायिक तरकारी बाली सर्वेक्षण | ३०० वटा तरकारी (२८९) र च्याउ (११) फाराम भरी राष्ट्रिय तथ्याङ्क कार्यालयको सम्बन्धित शाखामा पठाइएको। |
| ४ | निजी स्वास्थ्य संस्था सर्वेक्षण | १५६ वटा निजी स्वास्थ्य संस्थाबाट तथ्याङ्क संकलन गरी सम्बन्धित शाखामा पठाइसएको। |
| ५ | स्थलगत यातायात सर्वेक्षण | २५५ वटा यातायात संञ्चालक व्यवसायीबाट तथ्याङ्क संकलन गरी सम्बन्धित शाखामा पठाइएको। |
| ६ | तथ्याङ्क दिवस | चितवन र मकवानपुरका विभिन्न तथ्यांक प्रदायक औद्योगिक व्यवसायी एंव प्रतिनिधि एंव संघसंस्थाका प्रमुखहरुसंग अन्तर्कृया तथा सम्मान कार्यक्रम गरिएको , कार्यालय परिसर सरसफाई गरिएको र बृक्षारोपण साथै बागमती प्रदेशका विभिन्न मन्त्रालय तथा कार्यालयहरुमा रा त का वाट प्रकाशित पुस्तक वितरण गर्दै तथ्यांङ्कको उपयोग र महत्व वारेमा छलफल, अन्तर्कृया र सहित भव्य रूपमा मनाइयो। |

### ४.३.३ वित्तीय प्रगति (चालु र पूँजीगत) कम हुनुको स्पष्ट कारण र समाधानका लागि गरिएको प्रयास

| क्र.सं. | कार्यक्रम | वित्तीय प्रगति कम हुनुको स्पष्ट कारण | समाधानका लागि गरिएको प्रयास |
|---|---|---|---|
| १ | नेपाल व्यावसायिक तरकारी बाली सूचीकरण कार्यको मुख्य फिल्ड कार्य तथा सुपरिवेक्षण | काम र बजेटको तालमेल नमिल्नु | करार जनशक्ति नराखि कार्य सम्पन्न भएको हुदाँ वित्तिय प्रगति कम भएको |
| २ | स्थलगत यातायात सर्वेक्षण २०८२ सूचीकरण कार्यका लागि करार जनशक्ति | काम र बजेटको तालमेल नमिल्नु | १ जना करार जनशक्तिबाट कार्य सम्पन्न गरी अन्य कार्यक्रमसँगै सुपरिवेक्षण गर्दा खर्च कम भएको। |
| ३ | तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरूसँग अन्तरक्रिया कार्यक्रम | जनशक्तिको कमि र पहिलो प्राथमिकता गणना तथा सर्वेक्षणलाई दिनुपर्ने साथै सबै जिल्लाका तथ्याङ्क प्रदायक लाई एउटै स्थानमा भेला गराउन कठिन | कार्यक्रम सञ्चालन गर्न नसकिएको कारण वित्तिय प्रगति कम भएको |
| ४ | सहकारी सर्वेक्षण<br>गणक तालिम र अस्थायी बालि उत्पादन लगत अनुमान | बजेट विनियोजन मात्र भएको तर मकवानपुर जिल्लामा कार्य गर्न नपरेको | कार्य गर्न नपरेको हुनाले वित्तिय प्रगति काम देखिएको |
| ४ | पालिका प्रोफाइल तयारी | कम बजेट बिनियोजन भएको | एउटै भ्रमणमा धेरै कार्यक्रम सञ्चालन गरी समयमै कार्य |

| | | | |
|---|---|---|---|
| | | | सम्पन्न गरिएको। |

### ४.३.४ बेरुजु र बेरुजु फछ्र्यौटको अवस्था

| क्र.सं. | विवरण | बेरुजु रकम (रु.) | सम्परीक्षणका लागि पेश भएको |
|---|---|---|---|
| १ | हालसम्म कार्यालयको तथा कार्यरत कर्मचारीको नाममा बेरुजु शून्य रहेको। | ० | लागु हुँदैन |

### ४.३.५ प्रमुख समस्या/चुनौती, समाधानका उपाय र सुझाव

| क्र.सं. | समस्या | समाधानका उपाय | सुझाव |
|---|---|---|---|
| १ | कार्ययोजना अनुरूप कार्यक्रम सञ्चालन हुन नसक्नु | रा.त.का. शाखा-शाखा तथा तथ्याङ्क समन्वय कार्यालयबीच समन्वय गरी कार्ययोजना तयार गर्ने | कार्यक्रम सञ्चालन गर्दा अन्तरशाखा समन्वय अनिवार्य गर्ने |
| २ | बजेट विनियोजनमा समस्या (सहकारी सर्वेक्षण गणक तालिम र अस्थायी बालि उत्पादन लगत अनुमान मा कार्य बा सर्वेक्षण गर्न नपरेपनि बजेट विनियोजन भएको र तथ्यांक संकलन र सर्वेक्षण गर्न पर्ने काम तथा सर्वेक्षणमा भने कम बजेट विनियोजन भएको ) | कार्यक्रम अनुसार बजेट विनियोजन गर्ने | लागत अनुमान तयार गरी बजेट तर्जुमा गर्ने |

# खण्ड ५. कार्यालयका समस्या तथा समाधानका उपायहरु

## ५.१ कार्यालयले भोग्नुपरेका प्रमुख समस्या तथा चुनौतीहरू

- भौगोलिक विकटता – कार्यक्षेत्रका जिल्लाका दुर्गम स्थानहरुमा पुग्न कठिन हुने।
- सवारी साधनको अभाव- अनुगमन, निरीक्षण र तथ्याङ्क संकलनमा ढिलाइ हुने।
- बुझाइको कमी- तथ्याङ्क प्रदायकहरुमा सत्यतथ्य तथ्याङ्कको महत्व सम्बन्धमा बुझाइको कमी रहेको (कर बढ्छ भन्ने बुझाइले आफ्नो वास्तविक आम्दानी लुकाउने)।
- जनशक्ति अभाव – सीमित कर्मचारीबाट चितवन मकवानपुर र भौगोलिक बिकटता भएको सिन्धुली जिल्लाहरुको कार्यक्षेत्र सम्हाल्नुपर्ने अवस्था।
- प्राकृतिक विपद्को जोखिम – पहिरो, बाढी आदिले फिल्ड कार्य प्रभावित हुने।
- समन्वयमा चुनौती - स्थानीय निकाय तथा सरोकारवालासँग समन्वयमा चुनौती सूचना आदान–प्रदान र सहकार्यमा कठिनाइ हुने।
- अत्याधिक कार्यबोझ- राष्ट्रिय तथ्याङ्क कार्यालयका विभिन्न शाखाबाट एकै समयमा हुने सर्वेक्षण तथा गणनाका कारणले अत्याधिक कार्यबोझ बढ्ने। जस्तै-आर्थिक गणनाको समयमा सञ्चालन भएका स्थल यातायात सर्वेक्षण, व्यवसायिक तरकारी बाली सर्वेक्षण र निजी स्वास्थ्य संस्था सर्वेक्षण आदि।
- क्षमता अभिबृद्धि तालिमको अभाव- प्रशासनिक तथा प्राविधिक क्षमता अभिबृद्धि तथा क्षमता विकास सम्बन्धी तालिमको अभाव रहेको।
- खण्डीकृत तथ्याङ्कको अभाव- सेवाग्राही तथा सरोकारवालाहरुको माग बमोजिम सामाजिक, आर्थिक, वातावरणीय लगायतका खण्डीकृत तथ्याङ्कको अभाव रहेको।
- आफ्नै कार्यालय भवन भएतापनि कार्यालय पूर्नसंरचना पछि सिन्धुलीको कार्यालयको कार्यालय सामान र कार्यालयका प्रयोग गर्न नमिल्ने सामानले धैरै स्थान लिएकोले जनशक्ति को संख्या अनुसारको कार्यालयमा कोठा कम भएकोले कार्यालयमा काम गर्दा असहज महसुस भएको।

## ५.२ कार्यालयले भोग्नुपरेका प्रमुख समस्या तथा चुनौतीहरूको समाधानका उपाय

१. भौगोलिक विकटता

- कार्ययोजना तथा फिल्ड भ्रमणको पूर्वयोजना तयार गर्ने।
- स्थानीय तहसँग समन्वय र सहजीकरण गर्ने।
- आवश्यकताअनुसार डिजिटल माध्यम (फोन, अनलाइन) को प्रयोग बढाउने।

२. सवारी साधन

- राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा दूई पाङ्ग्रे सवारी साधनको थप प्रबन्ध गर्नुपर्ने।

३. तथ्याङ्कप्रदायकमा सचेतना अभिवृद्धि

- तथ्याङ्कीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने।

५. जनशक्ति

- कार्य क्षेत्र र कामको बोझ हेरि आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गर्ने।

६. प्राकृतिक विपद्को जोखिम न्यूनीकरण

- मौसमको पूर्वानुमानका आधारमा फिल्ड कार्य सञ्चालन गर्ने।
- आवश्यक सुरक्षा सामग्री र बीमाको व्यवस्था गर्ने।

७. समन्वय

- स्थानीय तह, जिल्ला प्रशासन, सुरक्षा निकाय तथा अन्य सरोकारवालासँग समन्वय  गर्ने।

८. अत्यधिक कार्यबोझ व्यवस्थापन

- सर्वेक्षण तथा गणनाको समयतालिका कार्यान्वयन गर्ने।
- डिजिटल प्रणालीमार्फत कार्यलाई छिटो, सरल र प्रभावकारी बनाउने।

९. तथ्याङ्कको गुणस्तर अभिवृद्धि

- गणक तथा सुपरिवेक्षकलाई गुणस्तरीय तालिम प्रदान गर्ने।
- नियमित सुपरिवेक्षण, पुनःप्रमाणीकरण र गुणस्तर परीक्षण गर्ने।
- तथ्याङ्क सङ्कलनका मापदण्डको पूर्ण पालना गर्ने।

१०. सूचना प्रविधिको सुदृढीकरण

- आधुनिक डिजिटल उपकरण र सफ्टवेयरको प्रयोग विस्तार गर्ने।
- इन्टरनेट तथा सूचना प्रविधि पूर्वाधार सुदृढ बनाउने।
- कर्मचारीलाई सूचना प्रविधिसम्बन्धी नियमित तालिम प्रदान गर्ने।

## ५.३ निष्कर्ष र सुझाव

आर्थिक वर्ष २०८२/८३ मा तथ्याङ्क समन्वय कार्यालय, मकवानपुरले उपलब्ध जनशक्ति, बजेट तथा स्रोत–साधनको अधिकतम उपयोग गर्दै आफ्नो कार्यक्षेत्र अन्तर्गतका चितवन,मकवानपुर र सिन्धुली जिल्लामा स्वीकृत नियमित तथ्याङ्क सङ्कलन, विभिन्न सर्वेक्षण, तथा अनुगमन कार्यक्रमहरू प्रभावकारी रूपमा सफलतापूर्वक सम्पन्न गरेको छ। तथापि भौगोलिक विकटता, सीमित बजेट, जनशक्ति अभाव, कमजोर यातायात तथा सञ्चार पहुँच, तथ्याङ्क प्रदायक निजि तथा सार्वजनिक सरकारी संघ संस्था तथा सरोकारवालाहरुलाई  पर्याप्त सचेतनाको कमी, प्राकृतिक विपद्को जोखिम तथा एकै समयमा सञ्चालन हुने विभिन्न सर्वेक्षण र गणनाका कारण कार्यसम्पादनमा चुनौतीहरू देखिएका छन्।

आगामी दिनमा कार्यालयको कार्यक्षेत्र र कार्यबोझ अनुसार पर्याप्त जनशक्ति, बजेट तथा स्रोत–साधनको व्यवस्था गर्ने, सूचना प्रविधिको प्रयोग विस्तार गर्ने, तथ्याङ्क प्रदायकमा तथ्याङ्कको महत्त्व र गोपनीयताबारे जनचेतना अभिवृद्धि गर्ने, स्थानीय तह तथा सरोकारवाला निकायसँग प्रभावकारी समन्वय कायम गर्ने, कर्मचारीको क्षमता विकास गर्ने तथा सर्वेक्षण र गणनाको कार्यतालिका यथासम्भव समन्वय गरी सञ्चालन गर्ने हो भने तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन प्रणालीलाई अझ गुणस्तरीय, विश्वसनीय, समयानुकुल र प्रभावकारी बनाउन सकिने विश्वास गरिएको छ।

**आ.व.२०८२/०८३ मा सञ्चालित कार्यक्रमका केही झलकहरु।**

मिति २०८२/०९/१७ गते तथ्याङ्क दिवसको अवसरमा "आधिकारिक तथ्याङ्क ,पारदर्शी शासन" भन्ने मूल नाराका साथ तथ्याङ्क प्रदायक उद्योगीहरुसँग अन्तरक्रिया,सम्मान एवं मायाको चिनो प्रदान कार्यक्रम ।









तथ्याङ्क दिवसमा आयोजित तथ्याङ्क प्रदायक उद्योगीहरूसँग
अन्तरक्रिया तथा स

तथ्यांङ्क दिवसको अवसरमा कार्यलय परिसर सरसफाईका साथै वृक्षारोपण गर्दै।








मुख्यमन्त्री को कार्यालय, प्रदेश नीति तथा योजना  आयोग, बागमती प्रदेश बिश्वबिद्यालय, प्रदेश निर्वाचन कार्यालय र प्रदेश सरकार अन्तर्गतका विभिन्न मन्त्रालयहरुमा राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा प्रकाशित  राष्ट्रिय जनगणना २०७८ लगायतका









कार्यालयमा बिभिन्न समयका राष्ट्रिय तथ्याङ्क कार्यालयबाट यस कार्यालयको अनुगमन तथा निरिक्षणको क्रममा श्रीमान प्रमुख तथ्याङ्क अधिकारी ज्यू , उपप्रमुख तथ्याङ्क अधिकारी, उपसचिव, निर्देशक ज्यूहरु एवम् तथ्याङ्क परिवार





